# गणतन्त्र कोरियामा सीपयुक्त श्रमिक पठाउने सम्बन्धी कार्यविधि, २०८०

मन्त्रालयबाट स्वीकृत मिति :- २०८०।११।१७
पहिलो संशोधन मिति :- २०८१।०७।०९
दोस्रो संशोधन :- २०८२।०३।०९
तेश्रो संशोधन :- २०८२।०३।१३

**प्रस्तावनाः** नेपाली कामदारलाई गणतन्त्र कोरियामा सीपयुक्त श्रमिकको रुपमा ई-७ भिषा प्रणाली मार्फत रोजगारको लागि पठाउने कार्यलाई व्यवस्थित र पारदर्शी बनाउन वाञ्छनीय भएकोले,

वैदेशिक रोजगार नियमावली, २०६४ को नियम ५२क. को उपनियम (२) ले दिएको अधिकार प्रयोग गरी मन्त्रालयले यो कार्यविधि बनाएको छ।

## परिच्छेद- १
## प्रारम्भिक

१. **संक्षिप्त नाम र प्रारम्भः** (१) यो कार्यविधिको नाम "गणतन्त्र कोरियामा सीपयुक्त श्रमिक पठाउने सम्बन्धी कार्यविधि, २०८०" रहेको छ ।

(२) यो कार्यविधि मन्त्रालयबाट स्वीकृत भएपछि लागु हुनेछ ।

२. **परिभाषाः** विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यो कार्यविधिमाः

(क) **"इजाजतपत्र प्राप्त संस्था"** भन्नाले ऐनको दफा ११ बमोजिम वैदेशिक रोजगार व्यवसाय सञ्चालन गर्न इजाजतपत्र प्राप्त संस्था सम्झनु पर्छ ।

*(ख) **"ई-७ भिसा प्रणाली"** भन्नाले ई. पि. एस. प्रणाली बाहेक निजी क्षेत्रका व्यवसायी-व्यवसायी (B to B) मार्फत गणतन्त्र कोरियाले निर्धारण गरेको अनुसुची-१ बमोजिमको E-7-1(Professional), E-7-2 ( Semi Professional), E-7-3(General Skilled Worker) र E-7-4(Skilled Worker) अन्तर्गतका काममा सीपयुक्त नेपाली श्रमिकलाई रोजगारका लागि गणतन्त्र कोरिया लैजाने प्रणाली सम्झनु पर्छ।

+(ख१) **"सीपयुक्त श्रमिक"** भन्नाले खण्ड (ख) बमोजिमका रोजगारीका विभिन्न विधामा सीप भएका नेपाली कामदार सम्झनु पर्छ।

(ग) **"ऐन"** भन्नाले वैदेशिक रोजगार ऐन, २०६४ सम्झनु पर्छ ।

(घ) **"तालिम सञ्चालन कार्यविधि"** भन्नाले वैदेशिक रोजगारमूलक सीप विकास तालिम सञ्चालन कार्यविधि, २०७५ सम्झनु पर्छ ।

(ङ) **"राजदूतावास"** भन्नाले गणतन्त्र कोरियास्थित "नेपाली राजदूतावास" सम्झनु पर्छ ।

(च) **"नियमावली"** भन्नाले वैदेशिक रोजगार नियमावली, २०६४ सम्झनु पर्छ ।

---

* दोस्रो संशोधनद्वारा संशोधित।

+ दोस्रो संशोधनद्वारा थप।

(छ) **"प्रतिष्ठान"** भन्नाले मन्त्रलय मातहत स्थापना भई सञ्चालनमा रहेको राष्ट्रिय व्यावसायिक *प्रशिक्षण प्रतिष्ठान सम्झनु पर्छ ।

(ज) **"मन्त्रालय"** भन्नाले श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालय सम्झनु पर्छ ।

◆(झ) ............

*(ञ) **"रोजगार सम्झौता"** भन्नाले रोजगारदाता र यो कार्यविधि बमोजिम सीपयुक्त श्रमिकको रुपमा गणतन्त्र कोरिया जान छनौट भएका नेपाली कामदारबीच भएको दफा ९ बमोजिमको रोजगार सम्झौता सम्झनु पर्छ ।

(ट) **"रोजगारदाता"** भन्नाले नेपाली श्रमिकलाई रोजगार प्रदान गर्ने गणतन्त्र कोरियास्थित रोजगारदाता कम्पनी +वा व्यक्ति सम्झनु पर्छ ।

(ठ) **"विभाग"** भन्नाले वैदेशिक रोजगार विभाग सम्झनु पर्छ ।

(ड) **"वैदेशिक रोजगार सूचना व्यवस्थापन प्रणाली"** भन्नाले वैदेशिक रोजगार सम्बन्धी एकीकृत विवरण सङ्कलन गर्न मन्त्रालयले बनाएको वैदेशिक रोजगार सूचना व्यवस्थापन प्रणाली FEIMS सम्झनु पर्छ।

## *परिच्छेद- २

## ई-७ भिसा प्रणाली अन्तर्गत काम गर्ने संस्था, सीप परीक्षण, मागपत्र प्रमाणीकरण, श्रमिक छनौटको विधि तथा सम्झौता प्रक्रिया

३. ***ई-७ भिसा प्रणाली अन्तर्गत काम गर्ने संस्था**: दफा ४ बमोजिमको विशेष योग्यता पुरा गरेका ईजाजतपत्र प्राप्त संस्थाहरुले ई-७ भिसा प्रणाली (मौसमी कामदारबाहेक) अन्तर्गत विभागको स्वीकृतिमा गणतन्त्र कोरियामा सीपयुक्त नेपाली श्रमिक पठाउन सक्नेछ।

४. ***विशेष योग्यता:** गणतन्त्र कोरियामा ई-७ भिसा प्रणाली अन्तर्गत श्रमिक पठाउने इजाजतपत्र प्राप्त संस्थाको विशेष योग्यता देहाय बमोजिम हुनेछः-

(क) रोजगारदाताको आवश्यकता अनुसारको भाषा र सीपको परीक्षणका लागि वा रोजगारदाता स्वयंले नेपालमा आएर भाषा तथा सीपयुक्त तालिम प्रदान गर्ने भएमा रोजगारदाताले तोकेको मापदण्ड बमोजिमको आफ्नो स्वामित्व भएको तालिम केन्द्र वा पूर्णकालिन उपयोग गर्न सकिने गरी करार सम्झौता गरी लिएको तालिम केन्द्र भएको हुनुपर्ने,

(ख) खण्ड (क) बमोजिमको तालिम केन्द्रमा रोजगारदाताले तोकेको मापदण्ड बमोजिमको प्रशिक्षक भएको हुनुपर्ने।

५. ***भाषा तथा सीप सम्बन्धी तालिम:** (१) ई-७ भिसा प्रणाली अन्तर्गत रोजगारको लागि गणतन्त्र कोरिया जान इच्छुक नेपाली कामदारले कोरिया सरकारले ई-७ भिषा समूह अन्तर्गतको लागि सम्बन्धित उम्मेद्वारको पदमा तोकेको योग्यता, अनुभव, सीप पूरा गरेको गरेको हुनुपर्नेछ ।साथै अन्य कुनै योग्यता तोकेको भएमा कामदारले सो पूरा गरेको हुनुपर्नेछ ।

---

* दोस्रो संशोधनद्वारा संशोधित।

◆ दोस्रो संशोधनद्वारा झिकिएको।

\+ दोस्रो संशोधनद्वारा थप।

* दोस्रो संशोधनद्वारा संशोधित।

(२) इजाजतपत्र प्राप्त संस्थाले माग पत्र प्राप्त भई विभागबाट पूर्वस्वीकृति प्राप्त गरे पश्चात ई-७ भिसा प्रणाली अन्तर्गत रोजगारका लागि गणतन्त्र कोरिया जाने कामदारको लागि आवेदन खुलाउदा उपदफा (१) बमोजिमको भाषागत ज्ञान र तालिम प्राप्त व्यक्तिले मात्र आवेदन गर्न सक्ने व्यहोरा उल्लेख गर्नु पर्नेछ ।

५क. +**माग पत्र प्रमाणीकरणका लागि आवेदनः** (१) ई-७ भिसा प्रणाली अन्तर्गत रोजगारको लागि गणतन्त्र कोरियामा नेपालबाट अनुसुची-१ बमोजिमको E-7-1(Professional), E-7-2 ( Semi Professional), E-7-3(General Skilled Worker) र E-7-4(Skilled Worker) पेशामा सीपयुक्त श्रमिकलाई ईच्छुक रोजगारदाता आफै वा निजको आधिकारीक प्रतिनिधि वा रिकुटमेन्ट एजेन्सी मार्फत कोरियाली र अङ्ग्रेजी भाषाका देहायका अध्यावधिक कागजात संलग्न गरी राजदूतावासमा माग पत्र पेश गर्नु पर्नेछः-

(क) रोजगारदाताको कम्पनी दर्ताको प्रमाणपत्र,

(ख) रोजगारदाता कम्पनीको प्रोफाइल,

(ग) रोजगारदाता कम्पनीको कार्य सञ्चालन अनुमति पत्र,

(घ) प्रतिनिधि भए प्रतिनिधित्वको लागि वारेसनामा,

(ङ) श्रमिकको तलबमान, सेवा सुविधा, कार्य शर्त, प्रतिबद्धतापत्र तथा रोजगार सम्झौतामा उल्लेख गरिने मुख्य विषय लगायतका विषय समेटिएको संक्षिप्त विवरण,

(च) रोजगारदाताको तर्फबाट भाषा परीक्षा र सीप परीक्षण निःशुल्क रुपमा नेपालमा नै सञ्चालन गर्ने प्रतिवद्धतापत्र,

(छ) ई-७ समूह अन्तर्गत विदेशी कामदार आवश्यक रहेको भनी सम्बन्धित सरकारी निकायबाट प्रदान गरिएको आधिकारिक कागजात ।

(२) रोजगारदाताले मागपत्र सम्बन्धित राजदुतावासको अनलाईन प्रणालीमा पेश गर्नु पर्नेछ।

६. ***मागपत्र प्रमाणीकरण र व्यवस्थापनः** (१) दफा ५क बमोजिम पेश हुन आएको मागपत्र राजदूतावासले वैदेशिक रोजगार सम्बन्धी मागपत्र जाँचबुझ निर्देशिका, २०७५ बमोजिम आधिकारिकता यकिन गरी सिफारिस सहित वैदेशिक रोजगार सूचना व्यवस्थापन प्रणाली FEIMS मार्फत विभागमा पठाई सोको जानकारी रोजगारदातालाई गराउनु पर्नेछ ।

(२) राजदूतावासले अनलाईन प्रणाली मार्फत समेत माग पत्रको आधिकारिकता यकिन गर्न सक्नेछ।

(३) राजदूतावासले सिफारिस गरी पठाएको मागपत्र वैदेशिक रोजगार सूचना व्यवस्थापन प्रणाली FEIMS मा प्रविष्ट गर्नका लागि विभागले वैदेशिक रोजगार सूचना व्यवस्थापन प्रणाली FEIMS को युजर नेम र पासवर्ड राजदूतावासलाई उपलब्ध गराउनु पर्नेछ।

(४) अनलाइन प्रणाली मार्फत मागपत्रसाथ पेश भएका कागजात राजदूतावासले रूजू गरी कुनै छुटफूट भएमा कैफियतमा पृष्ठपोषण दिई सच्याएर पुनः पेस गराउन लगाउन सक्नेछ ।

(५) उपदफा (१) बमोजिम माग पत्रको आधिकारिकता यकिन गर्दा माग पत्र प्रमाणीकरण गर्न नसकिने देखिएमा स्पष्ट आधार र कारणसहित अस्वीकृत गरी सोको जानकारी रोजगारदातालाई दिनु पर्नेछ।

---

+ दोस्रो संशोधनद्वारा थप।

(६) उपदफा (५) बमोजिम माग पत्र प्रमाणीकरण गर्दा हाल कार्यान्वयनमा रहेको रोजगार अनुमती प्रणाली (EPS) प्रभावित नहुने गरी अनुसूची-१ मा उल्लिखित कामसँग सम्बन्धित मागपत्र मात्र प्रमाणीकरण गर्ने व्यवस्था गर्नुपर्नेछ ।

७. *<u>**विज्ञापन तथा दरखास्त सङ्कलन**</u> : (१) दफा ६ बमोजिम वैदेशिक रोजगारको मागपत्र प्रमाणीकरण भई आएपछि इजाजतपत्र प्राप्त संस्थाले विभागबाट पूर्वस्वीकृति लिई देहायको विवरण खुलाई कम्तीमा पन्ध्र दिनको म्याद दिई दैनिक पत्रिकामा सार्वजनिक सूचना प्रकाशन गरी दरखास्त आव्हान गर्नु पर्नेछः-

(क) माग भएको रोजगारको पद, संख्या र पेशागत क्षेत्र,

(ख) उमेर, शैक्षिक योग्यता, भाषा र सीप सम्बन्धी ज्ञान वा तालिम सम्बन्धी विषय,

(ग) नेपाली कामदार भएको,

(घ) शारीरिक तथा मानसिक रुपमा स्वस्थ्य भएको प्रमाण,

(ङ) लागू पदार्थ वा मादक पदार्थ दुर्व्यसनमा नलागेको प्रमाण,

(च) असल चरित्रको भएको भनी नेपाल प्रहरीबाट जारी चारित्रिक प्रमाणपत्र,

(छ) कामको विवरण, सुरक्षा तथा स्वास्थ्य जोखिम,

(ज) तलब. भत्ता तथा सेवा सुविधा र सामाजिक सुरक्षाको व्यवस्था,

(झ) दरखास्त दिने प्रक्रिया.

(ञ) छनौट प्रक्रिया र अवधिको जानकारी ।

(२) उपदफा (१) बमोजिम प्रकाशित सूचनामा इच्छुक उम्मेदवारले इजाजतपत्र प्राप्त संस्थामा दरखास्त दिन सक्नेछ।

(३) उपदफा (२) बमोजिम परेका दरखास्त तथा दरखास्त साथ प्राप्त कागजात छानविन गरी इजाजतपत्र प्राप्त संस्थाले योग्य देखिएका उम्मेदवारको दरखास्त स्वीकृत गर्नेछ ।

(४) उपदफा (३) वमोजिम दरखास्त स्वीकृत भएको सूचना सार्वजनिक गर्नु पर्नेछ र यो जानकारी सम्बन्धित व्यक्तिलाई निजले दरखास्तमा उल्लेख गरेको मोवाइल नम्बरमा एस. एम. एस. मार्फत दिने व्यवस्था पनि मिलाउनु पर्नेछ।

७क. +<u>**भाषा तथा सीपको परीक्षणः**</u> (१) दफा ७ बमोजिम दरखास्त स्वीकृत भएका उम्मेदवारको दफा ४ को खण्ड (क) बमोजिमको तालिम केन्द्रमा रोजगारदाता स्वयंले नेपालमा आएर आफ्नो मापदण्ड बमोजिम भाषाको ज्ञान र पेशागत सीप भए नभएको निःशुल्क रुपमा परीक्षण गर्नु पर्नेछ।

(२) उपदफा (१) बमोजिमको परीक्षण उत्तीर्ण गरेका व्यक्तिलाई दफा ४ को खण्ड (क) बमोजिमको तालिम केन्द्रले योग्यताको प्रमाणपत्र (Certificate of Eligibility) दिनु पर्नेछ।

८. *<u>**श्रमिक छनौट प्रक्रियाः**</u> (१) इजाजतपत्र प्राप्त संस्थाले श्रमिक छनौट गर्दा पारदर्शी ढङ्गबाट दफा ७ र ७क. बमोजिकको प्रक्रिया अवलम्बन गरी योग्यताक्रमको आधारमा छनौट गर्नु पर्नेछ ।

(२) ई-७ भिसा प्रणाली अन्तर्गत श्रमिकको छनौट गर्ने कार्य पारदर्शी ढङ्गबाट गरे नगरेको र रोजगारदाताले तोकेको मापदण्ड बमोजिमको तालिम केन्द्रमा भाषा तथा सीपको परीक्षण भए नभएको सम्बन्धमा विभागले आवश्यकता अनुसार अनुगमन गर्नेछ।

---

* दोस्रो संशोधनद्वारा संशोधित।

+ दोस्रो संशोधनद्वारा थप।

* दोस्रो संशोधनद्वारा संशोधित।

९. *रोजगार सम्झौता:* (१) दफा ८ बमोजिम छनौट भएका श्रमिक र रोजगारदाताबीच सीपयुक्त श्रमिकको लागि गणतन्त्र कोरिया सरकारले तोकेको तलबमान, श्रमिकको बीमा, अतिरिक्त समय कार्य गरे बापतको भत्ता, बिदा, उपदान, सामाजिक सुरक्षा, स्वास्थ्य उपचार, वर्षमा न्यूनतम एकपटक स्वास्थ्य परीक्षण र अन्य कल्याणकारी सुविधाहरु स्पष्ट उल्लेख गरी रोजगार सम्झौता गर्नु पर्नेछ।

(२) उपदफा (१) बमोजिम रोजगार सम्झौता गर्दा रोजगारदाताले रोजगार सम्झौताको चार प्रतिमा हस्ताक्षर गरी रोजगारको लागि छनौट भएका श्रमिकको हस्ताक्षरको लागि त्यस्तो सम्झौतापत्र इजाजतपत्र प्राप्त संस्थामा पठाउनु पर्नेछ।

(३) उपदफा (२) बमोजिमको रोजगार सम्झौता पत्र प्राप्त भएपछि सम्बन्धित इजातपत्र प्राप्त संस्थाले छनौट भएका सम्बन्धित श्रमिकको हस्ताक्षर गराई सो सम्झौताको एक प्रति सम्बन्धित रोजगारदातालाई, एक प्रति सम्बन्धित श्रमिकलाई, एकप्रति राजदूतावासलाई उपलब्ध गराई बाँकी एक प्रति विभागमा पेश गर्नुपर्नेछ।

(४) उपदफा (३) बमोजिम विभागमा प्राप्त हुनआएको रोजगार सम्झौतापत्र अभिलेखको लागि विभागले वैदेशिक रोजगार सूचना व्यवस्थापन प्रणालीमा प्रविष्ट गर्नेछ।

## परिच्छेद ३
## विविध

१०. *जिम्मेवारी तोक्न सकिने:* दफा ८ को उपदफा (२) मा जुनसुकै कुरा लेखिएको भए तापनि यो कार्यविधि बमोजिम श्रमिक छनौट गर्ने सिलसिलामा पारदर्शिता कायम गरे नगरेको भाषा तथा सीप परीक्षण एवं अन्य सम्बद्ध कागजातको वैधता जाँच गर्ने लगायत श्रमिक छनौट सम्बन्धी समग्र प्रक्रियालाई व्यवस्थित बनाउने तथा सो सम्बन्धमा अन्य निकायसँग आवश्यक समन्वय गर्ने प्रयोजनको लागि विभागमा रहेको गणतन्त्र कोरिया हेर्ने एकाइ वा विभागको कुनै शाखालाई सो बमोजिमको जिम्मेवारी तोक्न सकिनेछ।

११. **प्रवेशाज्ञा:** (१) रोजगार सम्झौता सम्पन्न भएका र रोजगारदाताले तोकेको योग्यताको प्रमाणपत्र (Certificate of Eligibility) प्राप्त गरेका श्रमिकको प्रवेशाज्ञा (VISA) को लागि सम्बन्धित इजाजतपत्र प्राप्त संस्थाको सिफारिशको समेत आधारमा विभागले नेपालस्थित गणतन्त्र कोरियाली राजदूतावासमा सिफारिश गर्नेछ ।

(२) उपदफा (१) बमोजिम विभागले गरेको सिफारिसको आधारमा गणतन्त्र कोरियाको प्रचलित कानून बमोजिम समावेश गर्नु पर्ने कागजात संलग्न गरी सम्बन्धित इजाजतपत्र प्राप्त संस्थाले नेपालस्थित गणतन्त्र कोरियाली राजदूतावासमा आवेदन दिनु पर्नेछ ।

(३) उपदफा (१) बमोजिम प्रवेशाज्ञाको लागि सिफारिस गरेको श्रमिकले प्रवेशाज्ञा पाउने वा नपाउने विषयमा विभाग जवाफदेही हुने छैन ।

१२. **स्वास्थ्य परीक्षण:** ऐनको दफा ७२ को व्यवस्था बमोजिम नेपाल सरकारबाट यस कामका लागि दर्ता भएका स्वास्थ्य सेवा प्रदायक संस्था वा सरकारी अस्पतालहरु मध्येबाट गणतन्त्र कोरियाको माग बमोजिमको स्वास्थ्य परीक्षण गरी योग्य रहेको प्रमाण पत्र प्राप्त गरेको हुनुपर्नेछ।

१३. *सुरक्षा र संरक्षण:* (१) इजाजतपत्र प्राप्त संस्थाले नियमितरुपमा रोजगारदातासँग समन्वय गरी ई-७ भिसा प्रणाली अन्तर्गत गणतन्त्र कोरिया गएका नेपाली कामदारले गर्ने काम, सेवा सुविधा, गुनासो सुनुवाई, व्यवसायजन्य सुरक्षा तथा स्वास्थ्य, कल्याणकारी सेवाको सञ्चालन र कामदारको सम्पर्क विवरण, क्षतिपूर्ति माग दावी तथा परिपूरणको सुनिश्चितता गर्नु पर्नेछ।

(२) इजाजतपत्र प्राप्त संस्थाले उपदफा (१) बमोजिम कामदारको सुरक्षा तथा संरक्षण गरिएको व्यहोराको प्रतिवेदन प्रत्येक तीन तीन महिनामा बिभागमा र राजदूतावासलाई उपलब्ध गराउनु पर्नेछ ।प्रतिवेदनका सम्बन्धमा राजदूतावासले रोजगारदातासँग जानकारी माग गरी यकिन गर्न सक्नेछ ।

(३) उपदफा (२) बमोजिम प्राप्त प्रतिवेदन झूठा ठहरिएमा त्यस्ता इजाजतपत्र प्राप्त संस्थाको अन्य मागपत्र राजदूतावासले प्रमाणीकरण गर्ने छैन।

१४. **सीपमूलक तालिम:** (१) यस कार्यविधि बमोजिम सीपयुक्त श्रमिकको रुपमा गणतन्त्र कोरियामा काम गर्न जान चाहने व्यक्तिले तोकिएको सीप बमोजिमको तालिम लिनु पर्नेछ।

(२) उपदफा (१) बमोजिमको सीप सम्बन्धी तालिम मन्त्रालयको प्रतिष्ठान वा अन्तर्गत र नेपाल सरकारबाट सञ्चालित तालिम केन्द्रहरु वा वैदेशिक रोजगारमुलक तालिम सञ्चालनको अनुमति प्राप्त संस्थाबाट प्राप्त गरेको हुनुपर्नेछ।

१५. ***अभिमुखीकरण तालिम:** (१) यो कार्यविधि बमोजिम रोजगार सम्झौता भई गणतन्त्र कोरियामा काम गर्न जान प्रवेशाज्ञा प्राप्त गरेको सीपयुक्त श्रमिकले प्रस्थान गर्नुअघि प्रतिष्ठानबाट अनिवार्य रुपमा अभिमुखीकरण तालिम लिनु पर्नेछ ।

(२) अभिमुखीकरण तालिममा आवेदन गर्ने र तालिम लिने सम्बन्धी व्यवस्था प्रतिष्ठानबाट निर्धारण भए बमोजिम हुनेछ।

(३) अभिमुखीकरणको लागि इजाजतपत्र प्राप्त विशेष योग्यता भएका संस्थाबाट सञ्चालित तालिम केन्द्रसँग समेत समन्वय गर्न सक्नेछ ।

१६. **बीमा गराउनु पर्ने:** रोजगार सम्झौता भई प्रवेशाज्ञा प्राप्त गरेका कामदारले ऐनको दफा २६ ले तोकेको बीमाङ्कमा नघट्ने गरी विभागमा सूचिकृत बीमा कम्पनीबाट बीमा गराउनु पर्नेछ ।

१७. **कल्याणकारी कोष तथा सामाजिक सुरक्षा कोषमा रकम जम्मा गर्नु पर्ने:** (१) रोजगार सम्झौता भई प्रवेशाज्ञा प्राप्त गरेका श्रमिकले ऐनको दफा ३२ बमोजिम वैदेशिक रोजगार कल्याणकारी कोष तथा सामाजिक सुरक्षा कोषमा रकम जम्मा गर्नु पर्नेछ।

(२) उपदफा (१) वमोजिम श्रमिकले सामाजिक सुरक्षा कोषमा आवद्ध भएर पहिलो योगदान गरेपछि त्यसपछिको योगदान निरन्तरताका लागि सामाजिक सुरक्षा कोष, ईजाजतपत्रवाला र रोजगारदाताले सहजीकरण गर्नुपर्नेछ ।

१८. **अनुगमन तथा निरीक्षण:** (१) यस कार्यविधिमा उल्लिखित प्रावधानहरुको अधिनमा रही इजाजत प्राप्त गर्ने संस्थाहरुको कार्य सञ्चालन एवं ई-७ भिसा छनौट प्रक्रियाको नियमित अनुगमन एवं निरीक्षण विभागले गर्नेछ।

(२) यसरी अनुगमन गर्दा कानून विपरित भएको पाइएमा विभागले सो विषयमा आवश्यक छानबिन गरी प्रचलित कानून बमोजिम कारबाही गर्न सक्नेछ ।

१९. ***श्रम स्वीकृति प्रदान गर्ने:** रोजगार सम्झौता भई प्रवेशाज्ञा र अभिमुखीकरण तालिम प्राप्त गरेका श्रमिकको गणतन्त्र कोरिया सरकारले तोकेको तलबमान, श्रमिकको बीमा, अतिरिक्त समय कार्य गरे बापतको भत्ता, बिदा,

---

* दोस्रो संशोधनद्वारा संशोधित।

उपदान, सामाजिक सुरक्षा, स्वास्थ्य उपचार, वर्षमा न्यूनतम एकपटक स्वास्थ्य परीक्षण र अन्य कल्याणकारी सुविधा रहे नरहेको यकिन गरी विभागले श्रम स्वीकृति प्रदान गर्नेछ।

२०. ***सेवा शुल्क तथा अन्य खर्चः** (१) यो कार्यविधि बमोजिम गणतन्त्र कोरियामा नेपाली कामदारलाई रोजगारको लागि पठाउँदा लाग्ने लागत तथा सेवा शुल्क रोजगारदाताले वेहोरेको अवस्थामा सोही बमोजिम र नवेहोरेको अवस्थामा हाल कायम रहेको ई. पि. एस. प्रणाली बमोजिम लाग्ने सेवा शूल्कमा नबढ्ने गरी हुनेछ।

(२) छनौट प्रक्रियापूर्व नै तोकिएको सीप तालिम प्राप्त गर्न तथा भाषा प्रशिक्षणका लागि श्रमिकले व्यहोरेको विषय उपदफा (१) बमोजिमको सेवा शुल्क अन्तर्गत पर्ने छैन।

२१. **सम्पर्क बिन्दुः** (१) यो कार्यविधि कार्यन्वयनका लागि विभागले सम्पर्क बिन्दुको रुपमा काम गर्नेछ।

(२) यो कार्यविधि कार्यान्वयनमा सहजीकरण गर्नको लागि विभागले कोरियाली पक्षसँग आवश्यकता अनुसार समन्वय गर्नेछ।

२२. **उद्धार तथा क्षतिपूर्ति सम्बन्धमाः** यो कार्यविधि अन्तर्गत गणतन्त्र कोरियामा रोजगारका लागि जाने नेपाली श्रमिकको शारीरिक तथा मानसिक स्वास्थ्यको कारणले उद्धार गर्नुपर्ने भएमा वा कुनै पनि कारणले मृत्यु भएमा मृतकको परिवारलाई दिनुपर्ने क्षतिपूर्ति सहित मृतकको शव नेपाल पठाउन लाग्ने खर्च रोजगारदाताले व्यहोर्नु पर्नेछ।

२३. **बाधा अड्काउ फुकाउने व्यवस्थाः** यो कार्यविधि कार्यान्वयनमा द्विविधा वा अस्पष्ट हुन गएमा बाधा अड्काउ फुकाउने अधिकार मन्त्रालयलाई हुनेछ।

**रूपान्तरः** मूल नियमावलीको ठाउँ ठाउँमा रहेका "दक्षिण कोरिया" भन्ने शब्दको सट्टा "गणतन्त्र कोरिया" र "नागरिक" भन्ने शब्दको सट्टा "कामदार" भन्ने शब्द राखी रूपान्तर गरिएको छ।

अनुसूची -१

<u>गणतन्त्र कोरियाको न्याय मन्त्रालयले तोकेका E-7 भिसाका लागि पेशाहरुको सूची</u>

| Classification | Occupation (activity) |
|---|---|
| **1. Professional (E-7-1): 67 occupations** | **A. Manager → E-7-1**<br>1. Executives of economic interest group<br>2. Executives of enterprise<br>3. Business manager<br>4. Education administrator<br>5. Insurance and finance manager<br>6. Culture, arts, designs and image related manager<br>7. Information and communication manager<br>8. Other professional service manager<br>9. Construction or mining manager<br>10. Manufacturing manager<br>11. Manager in agriculture or fisheries<br>12. Sales manager<br>13. Transportation manager<br>14. Manager in accommodation, travel or sports<br>15. Food service manager |
| | **B. Expert and Specialist → E-7-1**<br>1. Expert in life science<br>2. Expert in natural science<br>3. Researcher in social science<br>4. Computer hardware engineer<br>5. Telecommunication engineer<br>6. Computer system designer and analyst<br>7. System software developer<br>8. Application software developer<br>9. Web developer<br>10. Data expert<br>11. Network system developer<br>12. Computer security expert<br>13. Architect<br>14. Architecture engineer<br>15. Civil engineering expert<br>16. Landscape engineer |

1. City and traffic expert
2. Chemical engineering expert
3. Metal materials engineering expert
4. Electrical engineer
5. Electronics engineer
6. Mechanical engineer
7. Plant engineering expert
8. Robotics expert
9. Automobile, marine, aircraft or railroad car engineering expert
10. Industrial safety expert
11. Environmental engineering expert
12. Gas and energy expert
13. Textile engineering expert
14. Draftsman
15. Nurse
16. University lecturer
17. Technical instructor at overseas technical college
18. Education expert
19. Teacher at international school, international education institution, foreign school and school of gifted children
20. Expert in law
21. Government administration expert
22. Special agency administrative personnel
23. Business and diagnostic expert
24. Finance and insurance expert
25. Product planning expert
26. Travel package developer
27. Advertisement and promotion expert
28. Research expert
29. Event planner
30. International sales
31. Technical salesperson
32. Technology management expert
33. Translator and interpreter
34. Announcer
35. Designer
36. Video related engineer

| | |
|---|---|
| **2. Semi-Professional (E-7-2): 9 occupations** | **A. Office Worker → E-7-2**<br>1. Sales staff at duty-free shop or Jeju English city<br>2. Air transportation staff<br>3. Hotel receptionist<br>4. Medical coordinator<br>5. Customer consultation |
| | **B. Service Worker → E-7-2**<br>1. Shipping service worker<br>2. Tourism interpretation guide<br>3. Casino dealer<br>4. Chef and cook |
| **3. General Skilled Worker (E-7-3): 6 occupations** | **A. General Skilled Worker → E-7-3**<br>1. Zookeeper<br>2. Aquaculture technician<br>3. Halal butcher<br>4. Instrument maker or tuner<br>5. Shipbuilding welder<br>6. Aircraft mechanic |
| **4. Skilled Worker under Scoring System (E-7-4): 3 occupations** | **A. Skilled Worker (Scoring System) → E-7-4**<br>1. Skilled worker in root industry<br>2. Skilled worker in agriculture, livestock and fishing industry<br>3. Skilled worker in general manufacturing and construction companies |

अनुसूचीको स्रोत: गणतन्त्र कोरियाको न्याय मन्त्रालयको वेवसाइट।

(नोट: समय समयमा सम्बन्धित गणतन्त्र कोरियाको न्याय मन्त्रालयबाट अध्यावधिक भए बमोजिम हुने ।)

* दोस्रो संशोधनद्वारा संशोधित।
*
*
*
*
*
*
*
*